## स्थानिय छलफलले सुरेन्द्र ४५ हजार क्षतिपुर्ती पाए

सप्तरी घोघनपुर वार्ड नं. ४ सुरेन्द्र प्रसाद साह बैदेशिक रोजगारीको लागि मलेशिया जाने भनि सप्तरी बेल्ही चपेना बस्ने संतोष कुमार साह (एजेन्ट) को माध्यमबाट स्वास्थ्य परिक्षण गराई नगद रु १ लाख ६० हजार भनेता पनि रु. ९८ हजार मात्र तिरी बैदेशिक रोजगारीका लागि मलेशिया उडेका थिए । सुरेन्द्रले मलेशिया स्थित कम्पनीमा पुगि करिब डेढ महिनासम्म मात्र काम गरेका थिए संतोषलाई मलेसियामा उनको कम्पनीले स्वास्थ्य परिक्षण जाँच गराउँदा छातीमा दाग भएको भनि कम्पनीले निजलाई फिर्ता नेपाल पठाएका थिए ।




उनी स्वास्थ्यमा खराबी भएको कारण नेपाल आएको तर नेपालमा भएको मधेश आन्दोलनका साथै बैदेशिक रोजगार व्यवसायीहरुको आन्दोलनका कारण ३५ दिन भित्र उजुरी गर्न सकेका थिएन । उजुरी प्रक्रियामा जान नसकेकोले स्थानिय स्तरमा सहयोगका लागि सूचना तथा परामर्श केन्द्र राजविराज सप्तरीमा आई सो समस्या उपर बारम्बर भएको छलफल तथा परामर्शले २०७३ जेष्ठ २ गतेका दिन पथरगाडा प्रहरी चौकीमा दुई पक्ष (सुरेन्द्र र पठाउने एजेन्ट) र स्थानिय समुदायको सक्रिय उपस्थितीमा छलफल भई नगद रु. ४५ हजार पिडितलाई क्षतिपुर्ती वापत एजेन्टले उपलब्ध गराए ।

**राम प्रमेश मण्डल**

**परियोजना संयोजक**

**सुरक्षित आप्रवास(सामी) परियोजना**

**सबल नेपाल**